पञ्चेश्वर गाउँपालिका राजपत्र

खण्डः-०९, संख्याः-०१, मितिः-२०८३/०६/०९

पञ्चेश्वर गाउँपालिकाद्वारा प्रकाशित

भाग- ०२

# विद्यालय कर्मचारी र बाल विकास शिक्षक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/२६ गते
राजपत्रमा प्रकासित मितिः २०८३/०६/०९ गते

## प्रस्तावनाः

पञ्चेश्वर गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा प्रारम्भिक बालविकास शिक्षक, विद्यालय सहायक कर्मचारी तथा विद्यालय सहयोगी कर्मचारीको छनौट, नियुक्ति र सेवा सर्तलाई व्यवस्थित, पारदर्शी र वस्तुनिष्ठ बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) र दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पञ्चेश्वर गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद—१ः प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः

(१) यस कार्यविधिको नाम 'विद्यालय कर्मचारी र बाल विकास शिक्षक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८३' रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. <u>परिभाषा</u>ः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) 'गाउँपालिका' भन्नाले पञ्चेश्वर गाउँपालिका सम्झनुपर्छ।

(ख) 'शाखा' भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

(ग) 'विद्यालय' भन्नाले गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालय सम्झनुपर्छ।

(घ) 'विद्यालय व्यवस्थापन समिति (विव्यस)' भन्नाले प्रचलित नियमानुसार सामुदायिक विद्यालयमा गठित समिति सम्झनुपर्छ।

(ङ) 'बालविकास शिक्षक' भन्नाले बालविकास केन्द्रमा कार्यरत सहजकर्ता/शिक्षक सम्झनुपर्छ।

(च) 'विद्यालय कर्मचारी' भन्नाले विद्यालयमा कार्यरत विद्यालय सहायक कर्मचारी(लेखापाल) तथा विद्यालय सहयोगी कर्मचारी(विद्यालय सहयोगी) सम्झनुपर्छ।

(छ) 'छनौट समिति' भन्नाले यस कार्यवधिको दफा ५ बमोजिम गठित समिति सम्झनुपर्छ।

## परिच्छेद—२ः पदपूर्ति तथा दरबन्दी स्वीकृति

३. <u>अनुदान कोटा निर्धारण तथा स्वीकृतिः</u>

(१) नेपाल सरकार र गाउँपालिकाको स्वीकृत मापदण्डका आधारमा विद्यालयमा बालविकास शिक्षक र विद्यालय कर्मचारीको पद सङ्ख्या निर्धारण गरिनेछ।

(२) विव्यसले रिक्त वा नयाँ कोटामा पदपूर्तिको लागि आवश्यक कागजात सहित पालिकाको शिक्षा शाखामा माग निवेदन पेस गर्नुपर्नेछ।

(३) पालिकाको स्वीकृत अनुमति र बजेट सुनिश्चिततापछि मात्र पदपूर्तिको प्रक्रिया अगाडि बढाइनेछ।

४. <u>न्यूनतम शैक्षिक योग्यता र उमेरको सीमाः</u>

| क्र.सं. | पद | न्यूनतम शैक्षिक योग्यता | उमेरको सीमा |
|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षक | मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण (तालिम प्राप्त र अध्यापन अनुमतिपत्र लिएको) | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| २ | विद्यालय सहायक कर्मचारी | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन/वाणिज्य विषयमा माध्यमिक शिक्षा परीक्षा (कक्षा १२) वा सो सरह उत्तीर्ण (कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको) | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| ३ | विद्यालय सहयोगी कर्मचारी | साधारण लेखपढ गर्न जान्ने (कम्तीमा कक्षा ८ उत्तीर्ण) | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| पुनश्चः<br>उल्लेखित पदमा उमेदवार हुन अन्य सरकारी सेवा सरह नेपाली नागरिक र तोकिएका मापदण्ड पुरा गरी सरकारी सेवाका लागि योग्य हुन अनिवार्य छ। | | | |

## परिच्छेद—३ः छनौट प्रणाली तथा प्रक्रिया

५. <u>छनौट समितिः</u>

विद्यालय कर्मचारी र बाल विकास शिक्षक छनौटका लागि निम्न अनुसारको छनौट समिति रहनेछः

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको विव्यस सदस्य — अध्यक्ष

(ख) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा शाखाको प्रतिनिधि — सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिले तोकेको सम्बन्धित विषयको विज्ञ — सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक — सदस्य-सचिव

६. <u>विज्ञापन र आवेदनः</u>

(१) सम्बन्धित विद्यालय र गाउँपालिकाको वेबसाइट, सूचना पार्टी र सञ्चार माध्यममा कम्तीमा १५ दिनको म्याद दिई सार्वजनिक विज्ञापन प्रकाशन गरिनेछ।

(२) दरखास्त दस्तुरः

सम्बन्धित गाउँपालिका/विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार तोकिए बमोजिम हुनेछ।

७. <u>परीक्षाको किसिम र अङ्क विभाजन</u>

सम्बन्धित पदको लागि स्वीकृत पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद—४ः नियुक्ति,सेवा सर्त तथा पारिश्रमिक

८. <u>नियुक्ति प्रक्रियाः</u>

(१) छनौट समितिले योग्यताक्रमका आधारमा सिफारिस गरेका मुख्य उम्मेदवारलाई विव्यसले ७ दिनभित्र नियुक्ति पत्र दिनेछ।

(२) सुरुमा ६ महिनाको परीक्षणकाल रहनेछ। कार्यसम्पादन सन्तोषजनक भएमा १ एक शैक्षिक सत्रको सम्झौता नवीकरण गरिनेछ।

९. <u>पारिश्रमिक तथा सुविधाः</u>

(१) विद्यालय कर्मचारी र बाल विकास शिक्षकको पारिश्रमिक तथा सुविधा नेपाल सरकार र पञ्चेश्वर गाउँपालिकाले तोके बमोजिम हुनेछ।

१०. <u>बिदा सम्बन्धी व्यवस्थाः</u>

विद्यालय कर्मचारी र बाल विकास शिक्षकको बिदा सम्बन्धी व्यवस्था सञ्चित नहुने गरी देहाय बमोजिम हुनेछ।

(क) पर्व बिदा र भैपरी बिदाः वर्षको १२ दिन

(ख) बिरामी बिदाः वर्षको १२ दिन

(ग) सुत्केरी/सुत्केरी स्याहार बिदाः नियम अनुसार

(घ) किरिया बिदाः १५ दिन

## परिच्छेद—५ः आचारसंहिता,कार्यसम्पादन र सेवा मुक्ति

११. <u>आचारसंहिताः</u>

विद्यालय कर्मचारी र बाल विकास शिक्षकले देहाय बमोजिमका आचारसंहिता पालना गर्नुपर्ने छ।

(क) नियमित समयमा विद्यालय उपस्थित हुनुपर्ने

(ख) राजनीतिक क्रियाकलापमा प्रत्यक्ष संलग्न हुन नपाइने

(ग) विद्यार्थी र सेवाग्राहीप्रति मर्यादित व्यवहार गर्नुपर्ने

१२. <u>पदमुक्त तथा हटाउने अवस्थाः</u>

निम्न अवस्थामा विद्यालय कर्मचारी र बाल विकास शिक्षकलाई सफाइको मौका दिई सेवाबाट हटाउन सकिनेछः

(क) लगातार १५ दिनसम्म बिना सूचना विद्यालयमा अनुपस्थित रहेमा

(ख) कार्यसम्पादन मूल्याङ्कनमा लगातार दुई पटक ५०% भन्दा कम अङ्क ल्याएमा

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहरिएमा

(घ) विद्यालय वा सार्वजनिक सम्पत्ति नोक्सान गरेमा वा आर्थिक अनियमितता गरेमा

## परिच्छेद–६ः विविध

१३. <u>बाधा अड्काउ फुकाउनेः</u>

(१) यस कार्यविधिमा नसमेटिएका वा द्विविधा उत्पन्न भएका विषयहरूमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

(२) यो कार्यविधिमा नसमेटिएका विषयहरूमा प्रचलित कानुन बमोजिमका प्रावधानहरू स्वतः लागू हुनेछन्।

(३) यो कार्यविधिमा समेटिएका विषयहरू शिक्षा ऐन, २०२८(संसोधन सहित), शिक्षा नियमावली, २०५९(संसोधन सहित), शिक्षा सेवा आयोग नियमावली, २०५७(संसोधन सहित), स्थानीय सरकार सञ्चालन ऐन, २०७४(संसोधन सहित) र अन्य प्रचलित कानुनी प्रावधानहरूसँग बाझिएको खण्डमा बाझिएको हदसम्म स्वतः खारेज भई प्रचलित कानुन बमोजिम हुनेछ ।

## प्रारम्भिक बाल विकास शिक्षकको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम २०८३

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०८३।०५।२६

लिखित परीक्षा योजना (Written Examination Scheme)

| विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या | अङ्कभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| बस्तुगत परीक्षा | ५० | २५ | २५ | २५x२ | वस्तुगत / बहुबैकल्पिक | ४५ मिनेट |
| विषयगत परीक्षा | ५० | २० | १० | १०x५ | छोटो उत्तर आउने प्रश्न | २ घण्टा |

अन्तर्वार्ता: २५ अङ्क

| क्र.सं. | विवरण | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | अन्तर्वार्ता | १५ | अन्तर्वार्ताको अङ्क दिंदा कुनै उम्मेदवारलाई ७०% भन्दा बढी र ३५% भन्दा कम दिनुपर्ने भएमा स्पष्ट कारण खुलाउनु पर्नेछ |
| २ | शैक्षिक योग्यता | ५ | शैक्षिक योग्यता वापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणी भए तीन र द्वितीय श्रेणी भए दुई अङ्क र सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भए दुई र द्वितीय श्रेणी भए एक अङ्क प्रदान गरिनेछ । |
| ३ | अनुभव | ५ | अनुभव वापत प्रारम्भिक बाल विकास/आभारभूत तह कक्षा १-५ शिक्षकको रुपमा काम गरे वापत प्रत्येक वर्षको शुन्य दशमलव पाँच अङ्कका दरले बढीमा पाँच अङ्क प्रदान गरिनेछ । |
| जम्मा २५ अङ्क | | | |

<u>द्रष्टव्य</u> :

१. बस्तुगत/बहुबैकल्पिक परीक्षाको लागि ४५ मिनेट समय निर्धारण गरिएको छ।

२. बस्तुगत/बहुबैकल्पिक प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन।

३. यस पाठ्यक्रम अन्तर्गतका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानुन (ऐन, नियम) तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

४. बस्तुगत परीक्षा उतीर्ण गरेका उमेदवारहरुलाई मात्र विषयगत परीक्षामा सम्मिलित गराइने छ।

५. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी वा दुबै हुनेछ ।

६. सम्बन्धित विषयको विषयगत परीक्षामा उतीर्णाङ्क ल्याउने उमेदवारले बस्तुगत परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको ५० प्रतिशत अङ्क जोडेर लिखित परीक्षाको नतीजा प्रकाशन गरिने छ ।

७. यो पाठ्यक्रम स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

खण्ड 'क'

बस्तुगत परीक्षा(Objective Test)

तह: बाल विकास

पूर्णाङ्कः ५०  उत्तीर्णाङ्क : २५

समयः ४५ मिनेट

| क्र. सं. | पाठ्यक्रमको क्षेत्र | प्रश्न सङ्ख्या | अङ्क |
|---|---|---|---|
| | प्रारम्भिक बालविकास शिक्षाको परिचय तथा नीतिगत व्यवस्था | | |
| १ | बाल विकासको अवधारणा र महत्त्व | २ | ४ |
| २ | नेपालको संविधान (धारा ३१ र धारा ३९) | २ | ४ |
| ३ | शिक्षा ऐन २०२८ (संशोधनसहित), शिक्षा नियमावली २०५९ (संशोधनसहित) र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा ECD सम्बन्धी व्यवस्था | २ | ४ |
| ४ | प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, २०७७ (परिमार्जन, २०८२) को परिचय, संरचना र वार्षिक कार्यघण्टा | २ | ४ |
| | सर्वाङ्गीण बालविकास र सक्षमता | | |
| ५ | बालबालिकाको सर्वाङ्गीण विकासका पक्षहरू(शारीरिक, संवेगात्मक, सामाजिक/सांस्कृतिक/नैतिक, बौद्धिक/मानसिक, स्वास्थ्य, पोषण, सुरक्षा र सिर्जनात्मक) | १ | २ |
| ६ | प्रारम्भिक बाल विकास तहका तहगत सक्षमताहरू र तिनको व्यावहारिक प्रयोग(६ वटा) | १ | २ |
| ७ | आधारभूत सिप (३८४ घण्टा) र विषयगत सिप (१९२ घण्टा) का क्षेत्रहरू | २ | ४ |
| | एकिकृत सिकाइ सहजीकरण र विषय क्षेत्रहरू | | |
| ८ | पूर्वभाषिक सिप, पूर्वगणितीय सिप, दृश्यकला, कार्य तरिका र सिर्जनशीलताको विकास गराउने तरिकाहरू | २ | ४ |
| ९ | स्थानीय विषयवस्तु, बालगीत, खेल र कथाको प्रयोग (२५६ घण्टा अतिरिक्त समयको उपयोग) | १ | २ |
| | बाल अनुकूल वातावरण र कक्षाकोठा व्यवस्थापन | | |

| | | | |
|---|---|---|---|
| १० | प्रारम्भिक बालविकास केन्द्र/कक्षाकोठा व्यवस्थापन, बैठक व्यवस्थापन र सिकाइ कुनाहरूको स्थापना | २ | ४ |
| ११ | स्वास्थ्य, पोषण, व्यक्तिगत सुरक्षा (Good touch/Bad touch, दुर्घटनाबाट बचावट) र सरसफाइ सम्बन्धी अभ्यास | २ | ४ |
| १२ | समावेशी शिक्षाः फरक क्षमता, भाषा र पृष्ठभूमि भएका बालबालिकाको सिकाइ सहजीकरण | १ | २ |
| | सिकाइ सहजीकरण, मूल्याङ्कन र मापदण्ड | | |
| १३ | खेलमा आधारित, मनोरञ्जनात्मक र कार्यमूलक सिकाइ विधि | १ | २ |
| १४ | बालबालिकाको निरन्तर मूल्याङ्कन, पोर्टफोलियो (Portfolio) निर्माण, अवलोकन फर्म र प्रगति विवरण | २ | ४ |
| १५ | प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (Early Learning and Development Standards - ELDS) को प्रयोग | १ | २ |
| १६ | अभिभावक शिक्षा, समुदायको सहभागिता र स्थानीय तहसँगको समन्वय | १ | २ |
| | जम्मा | २५ | ५० |

खण्ड 'ख'

विषयगत परीक्षा (Subjective Test)

तह: बाल विकास पूर्णाङ्क : ५० उत्तीर्णाङ्क २०

समयः २ घण्टा

| क्र.सं. | एकाइ | विषयक्षेत्र | प्रश्न सङ्ख्या | अङ्कभार |
|---|---|---|---|---|
| १ | बाल मनोविज्ञान र समावेशी कक्षा | • बालविकासको अवधारणा, महत्त्व र आवश्यकता (विशेष गरी प्रारम्भिक वर्षहरू ०-८ वर्ष र ४-५ वर्ष)<br>• बाल मनोविज्ञानका आधारभूत सिद्धान्त<br>• शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका चरणहरू<br>• बाल अधिकार, बाल संरक्षण र समावेशी शिक्षा (Inclusive Education) को अवधारणा<br>• विशेष आवश्यकता भएका बालबालिकाको व्यवस्थापन | २ | २x५=१० |
| २ | पाठ्यक्रम र दैनिक कार्यतालिका | • प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम (२०७७ परिमार्जन २०८२) को ढाँचा र उद्देश्य<br>• विकासका ५ क्षेत्रहरूः (शारीरिक विकास, सामाजिक/संवेगात्मक विकास, भाषा तथा सञ्चार विकास, बौद्धिक / ज्ञानात्मक विकास, रचनात्मक / सौन्दर्यात्मक विकास)<br>• पूर्व-गणित, पूर्व-पठन र पूर्व-लेखन सिपहरु<br>• दैनिक कार्यतालिकाका ६ चरणहरू (स्वागत, सामूहिक समय, रुचि कुना, बाहिरी खेल, खाजा समय, समीक्षा समय) | २ | २x५=१० |

| क्र. सं. | एकाइ | विषयक्षेत्र | प्रश्न सङ्ख्या | अङ्कभार |
|---|---|---|---|---|
| | | • पाठ्यक्रम अनुसार दैनिक कार्यतालिका (Daily Routine) र दैनिक पाठ योजना निर्माण | | |
| ३ | शिक्षण विधि र सिकाइ वातावरण | • खेलमा आधारित शिक्षण विधि: (स्वतन्त्र खेल र निर्देशित खेल)<br>• कथा वाचन, गीत/कविता, नाटक/अभिनय (Role Play) र कठपुतली प्रविधि<br>• बालमैत्री र सुरक्षित कक्षाकोठा व्यवस्थापन<br>• ६ वटा रुचि कुना (भाषा कुना, गणित कुना, निर्माण/ब्लक कुना, अभिनय कुना, कला कुना र प्रकृति/विज्ञान कुना) | २ | २x५=१० |
| ४ | सिकाइ सामग्री निर्माण र प्रविधि | • स्थानीय स्तरमा उपलब्ध बिना लागत र कम लागतका (No-cost & Low-cost) सामग्रीको सङ्कलन र निर्माण<br>• भित्री (Indoor) र बाहिरी (Outdoor) खेल सामग्रीको प्रयोग र सुरक्षा मापदण्ड<br>• दृश्य-श्रव्य (Audio-Visual) सामग्रीको प्रयोग | २ | २x५=१० |
| ५ | मूल्याङ्कन र अभिलेखीकरण | • निरन्तर अवलोकन र मूल्याङ्कन<br>• मूल्याङ्कनका साधनहरू: पोर्टफोलियो (Portfolio), चेकलिस्ट (Checklist), घटना वृत्त अभिलेख (Anecdotal Record)<br>• बालबालिकाको व्यक्तिगत प्रगति प्रतिवेदन तयारी र अभिभावक परामर्श<br>• बाल पोषण, बाल स्वास्थ्य, प्राथमिक उपचार, व्यक्तिगत सरसफाइ र अभिभावकसँग सहकार्य | २ | २x५=१० |
| जम्मा | | | १० | ५० |

# विद्यालय सहयोगी छनौटको पाठ्यक्रम, २०८३

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०८३।०५।२६

लिखित परीक्षा योजना

| विषयक्षेत्र | पूर्णाङ्क | उतीर्णाङ्क | प्रश्न संख्या | अङ्कभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| लिखित परीक्षा | ६० | ३० | ३० | ३०*२=६० | वस्तुगत बहुवैकल्पिक | ४५ मिनेट |

अन्तर्वार्ता, शैक्षिक योग्यता र स्थानीय बासिन्दा वापतको अङ्क

| क्र.सं. | विवरण | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | अन्तर्वार्ता | २० | अन्तर्वार्ताको अङ्क दिंदा कुनै उम्मेदवारलाई ७०% भन्दा बढी र ३५% भन्दा कम दिनुपर्ने भएमा स्पष्ट कारण खुलाउनु पर्नेछ । |
| २ | शैक्षिक योग्यता | १० | शैक्षिक योग्यता वापत सेवा प्रवेशका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रथम श्रेणी भए ८ अङ्क र द्धितीय श्रेणी भए ५ अङ्क र सेवा प्रवेशका लागि तोकिएको शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भए २ अङ्क र द्धितीय श्रेणी भए १ अङ्क दिइनेछ। |
| ३ | स्थानीय | १० | उम्मेदवार सम्बन्धित वडाको स्थायी बासिन्दा भए एकमुष्ट १० अंक र सम्बन्धित स्थानीय तहको अन्य वडाको स्थायी बासिन्दा भए ५ अंक प्रदान गरिनेछ । |

द्रष्टव्य :

१. वस्तुगत बहुवैकल्पिक परीक्षाका लागि ४५ मिनेट समय निर्धारण गरिएको छ ।

२. वस्तुगत/बहुवैकल्पिक प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक उत्तर वापत २०% प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन।

३. यस पाठ्यक्रम अन्तर्गतका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानुन (ऐन, नियम) तथा नीतिहरु परीक्षाको मितिभन्दा ३ महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

४. लिखित परीक्षा वस्तुगत बहुवैकल्पिक प्रणालीमा मात्र सञ्चालन गरिनेछ । वस्तुगत बहुवैकल्पिक परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कका आधारमा उत्तीर्ण उम्मेदवारहरुलाई नियमानुसार अन्तर्वार्ताका लागि छनोट गरिनेछ ।

५. यो पाठ्यक्रम स्वीकृत मितिदेखि लागू हुनेछ ।

पाठ्यक्रमको क्षेत्र र अङ्क विभाजन तालिका

| क्र. सं. | पाठ्यक्रमको क्षेत्र | प्रश्न संख्या | अङ्क |
|---|---|---|---|
| भाषिक सिप परीक्षण | | | |
| १ | नाम, सर्वनाम, क्रियापद, विशेषण, करण, अकरण, लिङ्ग परिवर्तन सम्बन्धी सामान्य जानकारी | २ | ४ |
| २ | शब्दार्थ | २ | ४ |
| ३ | वाक्यमा प्रयोग | १ | २ |
| ४ | विपरीतार्थक शब्द | २ | ४ |
| ५ | शुद्ध लेखन | २ | ४ |
| आधारभूत गणितीय सिप परीक्षण | | | |
| ६ | सरलीकरण (जोड, घटाउ, गुणन, भागको प्रयोग) | २ | ४ |
| ७ | गणितीय शाब्दिक समस्या (जोड, घटाउ, गुणन र भागको प्रयोग गरेर हल गर्न मिल्ने सामान्य किसिमको) | २ | ४ |
| ८ | जोड (ठाडो/तेस्रो ३ अङ्क सम्मको) | १ | २ |
| ९ | घटाउ (ठाडो/तेस्रो ३ अङ्क सम्मको) | १ | २ |
| १० | गुणन (३ अङ्क सम्मको) | १ | २ |
| ११ | भाग (३ अङ्क सम्मको) | १ | २ |
| सामान्य ज्ञान तथा समसामयिक विषय | | | |
| १२ | नेपालको भूगोल (क्षेत्रफल, सिमाना, भौगोलिक र राजनीतिक विभाजन-संघ, प्रदेश र स्थानीय तह) | १ | २ |
| १३ | नेपालका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्वका सम्पदाहरुको सामान्य जानकारी | १ | २ |
| १४ | नेपालमा प्रमुख धर्म, भाषा, संस्कृति, जातजाती, जनसंख्या, आदि | १ | २ |
| १५ | नेपालका महत्वपूर्ण शिखर, नदी, ताल. कुण्ड, पोखरी, भञ्ज्याङ, झरना, आदि | १ | २ |
| सेवा समूह सम्बन्धी विषय | | | |
| १६ | विद्यालय सहयोगीको सेवा सर्त, काम, कर्तव्य, अधिकार र बिदा सम्बन्धी व्यवस्था | १ | २ |
| १७ | विव्यस गठन, शिक्षक/विद्यालय कर्मचारी/विद्यार्थीको काम, कर्तव्य, अधिकार र आचार संहिता | १ | २ |
| १८ | चिठ्ठीपत्र दर्ता, चलानी, अभिलेख व्यवस्थापन र फाइलिङ सम्बन्धी सामान्य जानकारी | १ | २ |
| १९ | साधारण निवेदन दर्ता र आगन्तुक पुस्तिकामा नाम दर्ता | १ | २ |
| २० | सामान्य समय (घडी हेर्ने) र मिति/दिन सम्बन्धी जानकारी | १ | २ |
| २१ | चिठीपत्र आदानप्रदान र सञ्चार | १ | २ |
| २२ | कक्षाकोठा, शौचालय, विद्यालय परिसर सरसफाइ, फोहोरमैला व्यवस्थापन र वातावरण संरक्षण | १ | २ |

| | | | |
|---|---|---|---|
| २३ | विद्यालयका भौतिक सम्पत्ति (बेन्च, टेबल, कम्प्युटर, झ्याल-ढोका आदि) को सुरक्षा र रेखदेख | १ | २ |
| २४ | अभिभावक, शिक्षक र अतिथिहरूसँग गर्ने व्यवहार, सहयोग तथा शिष्टाचार | १ | २ |
| जम्मा | | ३० | ६० |

आज्ञाले
राम बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत